नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(.......आर्थिक प्रशासन.......शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं. ४१०६७५७
ईमेलः info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्याः- २०७७।२०७८
प्राप्त पत्र संख्याः- ................
च.न.:- २१

मिति :- २०७७।०४।२७

**विषय :- लेखा परीक्षण तथा बेरुजु फछ्र्यौट गर्ने सम्बन्धमा ।**

श्री नापी कार्यालय, सबै ।
श्री विशेष नापी कार्यालयहरु ।
श्री डिजिटल नापी कार्यालय, वनेपा ।

प्रस्तुत विषयमा भूमि व्यबस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको प.सं. ०७७।७८ च.नं. ०१ मिति २०७७।०४।०१ को पत्र साथ प्राप्त बेरुजु फछ्र्यौट मूल्याकंन अनुगमन समितिको प.सं. ०७६।७७ च.नं. १५९ मिति २०७७।०३।२८ को पत्रानुसार आ.व. २०७६।७७ को लेखा परीक्षण तथा बेरुजु फछ्र्यौट गर्ने गराउने भनी निम्नानुसार लेखि आएको छ ।

१. लेखापरीक्षणको समयमा कार्यालय प्रमुख र लेखा प्रमुख अनिवार्य उपस्थित भई लेखापरीक्षण गराउने ।
२. लेखापरीक्षणको डोर समक्ष विगत वर्षहरुमा कायम भएका बेरुजुको स–प्रमाण पेश गरी लेखापरीक्षण स्थलमानै संपरीक्षण गराउने ।
३. शत प्रतिशत बेरुजु फछ्र्यौट गराउन अधिकतम प्रयास गर्ने र कथंकदाचित प्रयास गर्दा पनि फछ्र्यौट नभएमा ७० प्रतिशत बेरुजु अनिवार्य रुपमा फछ्र्यौट गर्ने ।

माथि उल्लेखित वुंदा नंम्बरहरुलाई मध्यनजर गरी आ.व. २०७७।७८ मा यस विभाग तथा कार्यालयहरुको ७० प्रतिशत भन्दा माथि बेरुजु फछ्र्यौट गर्ने लक्ष तथा प्रगति रहेको हुंदा बेरुजु फछ्र्यौट कार्यलाई सहयोग पुर्‍याई दिनु हुन अनुरोध छ । साथै यस विभागवाट पठाईएका गत विगत वर्षहरु देखिनै बेरुजु भएका कार्यालयहरुको फछ्र्यौट भई वांकी भएका आ.व. २०६०।६१ देखि २०७४।७५ सम्मको वांकी बेरुजुको छोटकरी विवरण प्राप्त गर्नु भएकै छ । तसर्थ बेरुजु फछ्र्यौट गर्नका लागि बेरुजु वर्गिकरण अनुसार असूल उपर गर्नु पर्ने बेरुजु असूल उपर गरी र प्रमाणवाट फछ्र्यौट हुने बेरुजु प्रमाण कागजात राखि म.ले.प. को डोर समक्ष पत्र लेखि संपरीक्षण गराउने र विभागलाई जानकारी दिने । नियमित गर्नु पर्ने बेरुजु प्रमाण तथा पुष्ट्याई लेखि टिप्पणी उठाई यस विभागमा यथाशिघ्र पठाउनु हुन अनुरोध छ ।

(दीपक अधिकारी)
उप सचिव (लेखा)